फोन: ०५६-४१०१२२/४१०१११
इमेल: ichchhakamanaruralmun@gmail.com
वेबसाइट: ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं.२०८०/०८१

मिति:२०८०/१०/१७

### आवेदन दिने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा इच्छाकामना गाउँपालिका, पशुपन्छी विकास शाखा, कुरिनटार चितवनको आ.व.२०८०/०८१ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार आन्तरिक स्रोत तर्फको देहायका कार्यक्रमहरु स्थानीय कृषकको मागलाई ध्यानमा राखी तपशिलका मापदण्डका आधारमा कार्यान्वयन गर्नुपर्ने भएकाले यस गाउँपालिका भित्रका इच्छुक गाइ/भैंसी पालक कृषकहरुले सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति २०८०/११/०८ सम्म) कार्यालय समयमा आइपुग्ने गरी तोकिएको ढाँचा र उल्लेखित कागजात सहित सम्बन्धित वडा कार्यालयमा निवेदन दर्ता गर्नुहुँन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क.स. | कार्यक्रम | रकम सिमा | आवश्यक मापदण्ड/कागजातहरु |
|---|---|---|---|
| १ | नश्ल सुधारका लागी पशु सुत्केरी स्याहार भत्ता | कृतिम गर्भाधानबाट सुत्केरी गाई/भैंसीका लागी रु.१५००/- | १.सम्बन्धित पशुधनीको नागरिकताको प्रतिलिपि<br>२.कृतिम गर्भाधान गरेको रेकर्ड देखिने कृतिम गर्भाधान कार्ड<br>३.सुत्केरी आमा तथा बच्चा स्पष्ट देखिने तस्बिर<br>४.पशुधनीको बैंक खाता नम्बर<br>५.भुक्तानी पाउँ भन्ने आशयको निवेदन<br>६.२०८० बैशाख देखि आवेदन दिने समयसम्म सुत्केरी भएका पशुहरुमा मात्र लागु हुने |
| २. | ५०% लागत साझेदारीमा गाई/भैंसी बिमा प्रवर्द्धन | गाई/भैंसी बिमाका लागी ५०% लागत साझेदारी | १.बिमा गर्ने पशुको जात, संख्या र स्थान खुल्ने निवेदन पत्र<br>२.नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि<br>३.गाई/भैसीको बिमा गर्न जम्मा बिमाङ्कको ८०% संघिय सरकार, १०% गाउँपालिका र १०% कृषक स्वयमले बेहोर्नुपर्नेछ। यदि गाई/भैंसी बिमा गर्दै गर्दा गाउँपालिकाले बिमाको लागी निर्धारण गरेको बजेट सकिएमा कृषक स्वंयमले २०% रकम बेहोर्नु पर्नेछ।<br>४.बिमा गर्दा व्यक्तिगत गोठालो दुर्घटना बिमा पनि गरिनेछ ।<br>५.लम्पी स्कीन तथा खोरेत रोग बिरुद्ध खोप लगाइसकेको गाई/भैंसीहरु र व्यवसायिक फर्महरुलाई पहिलो प्राथमिकतामा राखिनेछ। |

...............................
चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

थप जानकारीको लागी: पशुपन्छी बिकास शाखामा सम्पर्क गर्नुहोला।
सम्पर्क टेलिफोन न.१८१०५०००२००